नगर कार्यपालिकाको
बैठक संख्या: ७७, २०७९-२०८४
मिति २०८३/०४/२३ को
निर्णय प्रमाणित ......

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ७७, २०७९-२०८४)

मिति : २०८३ श्रावण २३ गते

**निर्णयहरु:**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरियो। कार्यपालिकाबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने ।

२. चालु आ.ब. २०८३/०८४ मा संघ तथा प्रदेश सरकारबाट शसर्त कार्यक्रम तर्फ बजेट विनियोजन भई प्राप्त देहायका योजना तथा कार्यक्रमहरुमा यस नगरपालिकाबाट देहाय बमोजिम रकम थप गरी लागत अनुमान तयार गरी ठेक्का आव्हान गर्ने र यसरी ठेक्का आव्हान भएका योजनाहरुको भुक्तानीको लागि अपुग हुने रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

तपसिल

क. संघिय समपुरक तर्फको योजना कोहलपुर ३ प्रभु दयाल थारुको घर देखि महेन्द्र राजमार्ग हुंदै चन्नहवा गाउँ बैजनाथ गा पा सिमाना सम्म कृषि सडक निर्माण तर्फ अपुक रकम समपुरक कोषबाट १२ प्रतिशत थप गरि ठेक्का आह्वान गर्ने ।

ख. प्रदेश समपुरक तर्फको रत्न राजमार्ग साइनिङ्ग स्टार स्कुल देखि सितल नगर नयाँ बस्ती हुंदै झरकट्टी जोडने बाटो स्तरोन्नती कोहलपुर-८, बाँकेको योजनामा अपुक रकम समपुरक कोषबाट १५ प्रतिशत थप गरि ठेक्का आह्वान गर्ने ।

ग. कृष्ण मा.बि. कोहलपुर-१,बाँकेको विद्यालय भवन निर्माण योजना प्रदेश सरकारबाट शसर्त कार्यक्रम तर्फ रु.३० लाख बिनियोजन भएकोमा अपुक रकम समपुरक कोषबाट हुने गरी ४ कोठे विद्यालय भवन निर्माण गर्ने ।

घ. बालशिक्षा माध्यमिक विद्यालय कोहलपुर १३ भरैया बाँकेमा प्रदेश सरकारबाट विशेष अनुदान तर्फ रु.२० लाख रकम बिनियोजन भएकोमा अपुक रकम समपुरक कोषबाट हुने गरी २ कोठे विद्यालय भवन निर्माण गर्ने ।

३. संघिय शसर्त तर्फको स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास कार्यक्रममा बिनियोजित बजेटबाट कार्यक्रम कार्यान्वयन हुने गरी देहायका विद्यालयहरुमा स्वीकृत बजेटमा अपुग रकम समपुरक कोषबाट थप गरि योजना कार्यान्वयन गर्ने ।

क. श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय कोहलपुर-१३, सिमरीको अधुरो भवन निर्माण ।

ख. श्री जन ज्ञानज्योती आधारभुत विद्यालय कोहलपुर-९, झन्डहवा, बाँके कोहलपुर-९ झन्डहवाको दोस्रो तल्ला ४ कोठे भवन निर्माण ।

४. नगर अस्पतालबाट बिगत देखि बिमा कार्यक्रम संचालन हुदै आएकोमा विविध कारणले रोकिन गएको सेवालाई पुनः संचालन गर्ने । कोहलपुर नगर अस्पतालमा थप सेवा विस्तार गरि २०८३ असोज १ गतेदेखि आपतकालिन सेवा संचालन गर्ने। आपतकालिन सेवा संचालनका लागि आवश्यक पूर्वाधार एवं आवश्यक जनशक्ति हे.अ. ४ जना सेवा करारमा लिने ।

ज्ञान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७७, २०७९-२०८४
मिति २०८३/०४/२३ को
निर्णय प्रमाणित ........

५. यस नगरपालिकाका विभिन्न समितिहरुको देहाय बमोजिमका मितिका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क. विपद व्यवस्थापन समितिको मिति २०८३/०४/१९ गतेको निर्णयहरु

ख. शिक्षा समितिको मिति २०८३/०४/२० गतेको निर्णयहरु

ग. कोहलपुर नगर अस्पताल विकास तथा व्यवस्थापन समितिको मिति २०८३/०४/२२ गतेका निर्णयहरु

६. कोहलपुर नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फ प्रयोगशाला एवं रेडियोलोजी (X Ray) सम्बन्धी कामकाज गर्ने देहायका कर्मचारीहरुलाई चालु आ.ब. २०८३/०८४ मा जोखिम भत्ता वापत शुरु तलब स्केलको २५ प्रतिशत रकम उपलब्ध गराउने ।

- श्री लक्ष्मी अधिकारी, मेडिकल ल्याब टेक्निसियन(पाँचौ तह)
- श्री मिलन शाही, रेडियोग्राफर(पाँचौ तह)
- श्री दिपक शर्मा, मेडिकल ल्याब असिष्टेण्ट (चौथो तह)
- श्री बबिता के.सी., मेडिकल ल्याब असिष्टेण्ट (चौथो तह)

७. कोहलपुर नगरपालिका र बागेश्वरी यातायात प्रा.लि. बिचको सम्झौता बमोजिम कोहलपुर ११ स्थित नयाँ बसपार्कको सञ्चालन एवं व्यवस्थापन कार्य भईरहेकोमा कोहलपुर नगरपालिका क्रिकेट मैदान आसपासको क्षेत्र खाली गराउँदा होल्डिङ सेन्टरको रुपमा प्रयोग गरिएको बसपार्कको टर्मिनल भवनमा साविकमा भन्दा बढी उठन गएको विधुत, पानी महशुलको रकम भुक्तानीका लागि अनुरोध भई आएकोमा देहाय बमोजिमको उक्त महसुल रकम भुक्तानी उपलब्ध गराउने ।

तपसिल:

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | फागुन र चैत्र महिनाको रकम | रु.८८,९३६।- | |
| २ | बैशाख महिनाको रकम | रु.९०,९१९।- | |
| ३ | जेठ महिनाको रकम | रु.१,९४,३८०।- | |
| ४ | असार महिनाको रकम | रु.२,१९,५७४।- | |
| | जम्मा रकम | रु.५,९३,८०९।- | |

८. लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको प.सं. ०८२/८३, च.नं. १७४७ मिति २०८३/०३/१५ गतेको कामकाजमा खटाईएको सम्बन्धी पत्रानुसार यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत नगर अस्पतालमा मेडिकल अधिकृत, आठौं तह(छात्रबृत्ति करार) पदमा कामकाजमा खटिई आउनुभएका श्री डा. स्वेच्छा गौतमलाई कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०८२ संशोधन सहित बमोजिम प्राप्त हुने प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

९. मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा कोहलपुर नगरपालिकामा भएको आगजनीबाट कार्यालयको स्कार्पियो गाडी पूर्ण रूपमा क्षति भएको र त्यसपश्चात बहाल सम्झौता मार्फत सवारीसाधन सेवा लिँदै आएको सन्दर्भमा, हाल नगरपालिकाको आर्थिक अवस्थाका कारण नयाँ गाडी खरिद



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७७, २०७९-२०८४
मिति २०८३/०४/२३ को
निर्णय प्रमाणित ..........

गर्न सम्भव नभएको हुँदा आर्थिक वर्ष २०८३/०८४ को लागि समेत बहाल सेवा मार्फत नै सवारीसाधन प्रयोग गर्ने । सो प्रयोजनका लागि प्रचलित कानुन बमोजिम आवश्यक खरिद तथा बहाल प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१०. यस कोहलपुर नगरपालिकाको कानूनी सल्लाह एवं परामर्शको लागी कोहलपुर नगरपालिका वडा नं. १० स्थित नेशनल ल फार्म एण्ड इन्भेष्टिगेसन सेन्टरका प्रोपराइटर अधिवक्ता श्री कर्ण बहादुर के.सी. सँग विगतका आ.ब.हरु देखि सम्झौता भई कार्य सम्पादन भईरहेकोमा चालु आ.ब.को २०८३ साउन ०१ गते देखि २०८४ असार मसान्त सम्मका लागी गत आ.ब. २०८१/०८२ बमोजिम सेवा सुविधामा निरन्तरता हुने गरी करार सम्झौता गरी सेवा परामर्श खर्च शीर्षकबाट भुक्तानी दिने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत